नेपाल सरकार

बन तथा भु संरक्षण मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

अन्तरगत

# कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

बन तथा भु संरक्षण मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
# कृषि वन कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०७३

## १. पृष्ठभूमी

नेपाल सरकार कृषि विकास मन्त्रालय अर्न्तगत सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना (बजेट उपशिर्षक नम्बर ३१२१६३), कृषि वन (एग्रो फरेष्ट्री) अर्न्तगत वत तथा भू संरक्षण मन्त्रालय मार्फत संचालन गरिने कृषि बन कार्यक्रम कार्यान्वयनको लागि यो मार्गदर्शन तयार गरी लागु गरिएको छ ।

## २. कार्यक्रमको लक्ष्य

कृषि वन कार्यक्रम मार्फत वातावरणीय सन्तुलन कायम गरी कृषि उत्पादनमा बृद्धि ल्याउन योगदान पुऱ्याउनु कार्यक्रमको लक्ष्य रहेकोछ ।

## ३. कार्यक्रमका मूलभूत उद्देश्यहरु

यस कार्यक्रमका मुलभुत उद्देश्यहरु निम्नानुसार छन् ।

- निजी एवं सार्वजनिक जग्गामा बृक्षरोपण गर्न अभिप्रेरित गरी किसानहरुलाई आबश्यक वन पैदावारमा आत्म निर्भर वनाउनु ।
- जल तथा जमीनको एकिकृत व्यवस्थापन गर्दै भूमि उत्पादकत्व अभिवृद्धि गर्नु ।
- स्थानीय समुदायको आयआर्जनमा वृद्धि ल्याउन योगदान पुर्‍याउनु ।
- फल दिने जातका बन (Fruit Forest) को विकास गर्ने ।

## ४. कार्यक्रम कार्यान्वयन गर्ने क्षेत्र:

यो कार्यक्रम कृषि विकास मन्त्रालयले छनौट गरेका Super Zone र Zone क्षेत्र रहेका नगरपालिका र गाउँपालिकामा संचालन गरिने छ ।

चालु आ.ब. २०७३/७४ मा भने ७ वटा Super Zone अन्तरगत छनौट भएका देहाय बमोजिमका गाउँपालिका र नगरपालिकामा केन्द्रित गरी कार्यक्रम संचालन गरिने छ ।

- झापा (तत्कालिन बनियानी, बालुबाडी, पथरिया, केचना, पाठामारी, र पृथ्वीनगर गा.बि.स.)
- काभ्रे (तत्कालिन उग्रचण्डी नाला, पनौति, कुसादेवी, पाँचखाल र बनेपा गा.बि.स.)
- बारा (तत्कालिन बेनौली, बेलडारी, कोसरहवा, भगवानपुर, सिमरौनगढ गा.बि.स.)
- कास्की (तत्कालिन लेखनाथ, हेम्जा, भरतपोखरी, निर्मलपोखरी, पोखरा गा.बि.स.)
- दाङ -तत्कालिन सतबरिया, लमही, सिसहनिया, र लालमटिया गा.बि.स.)
- जुम्ला (तत्कालिन चन्दननाथ न.पा., तातोपानी, लाम्रा, हाँकु गा.बि.स.)
- कैलाली (तत्कालिन बसौटी, उदासिपुर, मसुरिया र पहलमानपुर गा.बि.स.)

## ५. कार्यक्रम संचालन विधि

- सचेतनाका कार्यक्रम संचालन गर्ने ।

- कृषि वन प्रणालीमा किसानहरुको क्षमता अभिबृद्धि गर्ने ।
- जनसहभागिता जुटाई सम्बन्धित जोन/सुपरजोन क्षेत्र अर्न्तगतका स्थानीय स्तरमा सक्रिय रहेका किसान, उपभोक्ता समूह /समिति मार्फत कार्यक्रम सञ्चालन गर्ने ।
- नीजि क्षेत्रलाई पनि कार्यक्रम संचालनमा प्रोत्साहित गर्ने ।
- अन्य सरोकारवाला निकायहरुसंग आपसी समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गर्ने ।

## ६. कार्यक्रम संचालन गर्ने जिम्मेवार निकाय

वन मन्त्रालय अन्तरगतका दुई विभाग मार्फत् कार्यक्रम संचालन गरिने छ ।

- वन विभाग अन्तरगतका जिल्ला वन कार्यालयहरु
- भू तथा जलाधार संरक्षण विभाग अन्तरगतका जिल्ला भू संरक्षण कार्यालयहरु

७. अनुगमन:

संचालित क्रियाकलापहरुको कार्यान्वयन गर्ने जिल्ला स्थित कार्यालयका अलावा निम्न निकायहरुवाट एकल वा संयूक्त रुपमा अनुगमन गरिने छ । संयुक्त अनुगमन गर्दा संवन्धित निकायको अतिरिक्त अन्य परियोजनासंग संवन्धित कार्यालय, राजनैतिक दलहरुका प्रतिनिधि र सरोकारवाला अन्य संघसस्थाहरुलाई समावेश गरिनेछ ।

- बन तथा भूसंरक्षण मन्त्रालय
- वन विभाग
- भू संरक्षण विभाग
- क्षेत्रीय बन निर्देशनालयहरु
- कृषि विकास मन्त्रालय

८. समन्वय:

कृषि वन कार्यक्रम समन्वयात्मक रुपले कार्यान्वयन गर्न प्रत्येक Super zone / Zone मा निम्न पदाधिकारी रहेको एक समन्वय कार्यदल हुनेछ । यसको बैठक मासिक रुपमा बस्नेछ । यसले कार्यक्रम समन्वयात्मक रुपमा संचालन गर्नुका साथै समय समयमा सयुक्त रुपमा अनुगमन गर्ने छ ।

Super zone / Zone कार्यान्वयन इकाई प्रमुख - संयोजक
जिल्ला बन अधिकृत - सदस्य
जिल्ला भू संरक्षण अधिकृत - सदस्य
वरिष्ठ कृषि बिकास अधिकृत - सदस्य
वरिष्ठ पशु विकास अधिकृत - सदस्य
जिल्ला घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति - सदस्य
सम्वन्धित जोन/सुपरजोन संचालक समितिका अध्यक्ष - सदस्य

## ९.सञ्चालन गरिने प्रमुख क्रियाकलापहरु:

### ९.१ बन विभाग तर्फ

#### ९.१.१ कृषि वन प्रवर्द्धन

यस कार्यक्रम अन्तर्गत जिल्लामा पकेट क्षेत्रको रुपमा तोकिएका गाउँपालिक/नगरपालिकाहरुमा स्थलगत भ्रमण गरी ती क्षेत्रहरुमा कृषि वन प्रवर्धनको सम्भाव्यता अध्ययन गर्ने, स्थानिय किसान, उपभोक्ताहरुसँग अन्तरक्रिया गर्ने, कार्यक्रममा सहभागी हुन चाहने घरधुरी संख्या पहिचान गर्ने, तिनीहरुको चाहना, रुख प्रजाति र संख्या पहिचान गर्ने । साथै सबै घरधुरी सहभागी गराई तालिम गोष्ठिहरु संचालन गरी तिनीहरुलाई कृषि वन सम्बन्धि सबलीकरण गर्ने, कृषि वन सम्बन्धि जानकारीमूलक सूचनाहरु सहितका प्रचारप्रसारका सामाग्रीहरु उत्पादन गरी वितरण गर्ने, कृषि वन लागु भई सफलता प्राप्त गरेका स्थानहरुमा अध्ययन भ्रमणको आयोजना गर्ने जस्ता कार्यक्रमहरु संचालन गर्ने । कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदनमा तपसिल बुंदाहरु समावेश गर्नु पर्ने ।

*तपसिल*

- उत्पादन गरीएको प्रचारप्रसार सामाग्रीको नमूना ।
- तालिम, गोष्ठि तथा अध्ययन भ्रमणहरुको सहभागीहरुको संख्या, लिंग र अवधि ।
- स्थान र मिति देखिने व्यानर तथा फोटोहरु ।

#### ९.१.२. कृषि वन विकास

यस आयोजना अन्तर्गत पहिचान भएका जिल्लाका जोन सुपरजोन क्षेत्रमा कृषि वनको विकासका लागि आवश्यक बोट विरुवाहरु उपभोक्ताहरुको माग बमोजिम संख्यामा विभिन्न प्रजाति (घाँस, डालेघाँस, फलफूल तथा अन्य बहुउद्देशीय विरुवाहरु) का विरुवाहरु खरिद गरी निशुल्क वितरण गर्ने । यस कार्यकालागि आवश्यक ढुवानी तथा जनशक्ति व्यवस्थापन खर्च यसै कार्यक्रमबाट खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदनमा तपसिलका बुंदाहरु समावेश गर्नु पर्ने ।

<u>तपसिल</u>

- माग र वितरण गरीएको विरुवाहरको विवरण प्रजातिगत रुपमा राख्नु पर्ने ।
- वितरण तथा रोपण गरीएका कृयाकलाप देखिने गरी खिचिएका फोटोहरु ।

#### ९.१.३. कृषि वन विकास स्थलगत प्राविधिक सहयोग

जिल्लामा कृषि वन विकासका लागि कार्यक्रमहरु संचालन गर्ने क्रममा स्थानिय उपभोक्ताहरुबाट माग भई आएका प्राविधिक सहयोग उपलब्ध गराउन जिल्ला वन कार्यालयले जिल्ला कृषि विकास कार्यालय, सम्बन्धित जोन/सपुरजोन कार्यान्वयन इकाई तथा अन्य सरोकारवाला निकायहरुको सहयोग लिई प्राविधिक टोली बनाई सम्बन्धित स्थानमा गई आवश्यक सहयोग गर्नु पर्नेछ । विरुवा रोपणका लागि तयार पारिएका खाल्डाहरु, तयार पारिएका मल तथा अन्य मिश्रण आदिको गुणस्तर जाँच गर्ने र आवश्यक पृष्ठपोषण तथा प्राविधिक सहयोगहरु दिनु पर्नेछ । यस कार्यका लागि आवश्यक खर्च विनियोजित बजेटको परिधि भित्र रहि गर्नुपर्नेछ । स्थलगत सहयोग पश्चात के कस्ता कृयाकलापहरु संचालन गरीयो ? सो को विवरण सहितको प्रतिवेदन कार्यालयमा बुझाउनु पर्नेछ ।

### १.१.४. अनुगमन तथा मुल्यांकन खर्च

कार्यान्वयन गरिएका कार्यक्रमहरुको प्रगति र गुणस्तर हेरी आवश्यक पृष्ठपोषण दिनका लागि समयसमयमा कार्यक्रम संचालन क्षेत्रमा गई अनुगमन गर्ने र कामको मुल्यांकन गरी आवश्यक सुझावहरु दिने कार्य जिल्ला वन कार्यालयले गर्नु पर्नेछ ।

## १.२ भू संरक्षण विभाग तर्फ

### १.२.१ जनसहभागिता परिचालन तथा प्रवर्द्धन

कार्यक्रम संचालन गर्दा जनसहभागीता जुटाई निम्नानुसारका क्रियाकलापहरु गरिने छ । जसमध्ये भू तथा जलाधार संरक्षण संबन्धि कार्य गर्दा लागत अनुमानको कम्तिमा १५ प्रतिशत बराबरको जनसहभागिता जुटाउनु पर्नेछ ।

- जोन/सुपरजोन संचालक समिति अर्न्तगत उपभोक्ता समुह पहिचान, गठन र सशक्तिकरण
- जोन/सुपरजोन संचालक समिति अर्न्तगत मोडल कृषक समुह गठन र सशक्तिकरण
- उपभोक्ताहरुको विधान, कार्ययोजना तयारी
- उपभोक्ताहरुको भेला, बैठक, जन लेखापरिक्षण, तालिम, भ्रमण
- उपभोक्ता समितिहरुको स्वःमूल्याङ्कन ।

### १.२.२ प्रचार प्रसार

यस अन्तरगत निम्नानुसारका क्रियाकलापहरु गरिनेछ ।

- वृत्त चित्र
- पोष्टर, पम्प्लेट
- विभिन्न प्रकाशनहरु
- एफ एम, टिभी, रेडीयो कार्यक्रम

### १.२.३ जल तथा भूमीको एकिकृत व्यवस्थापन

यस अन्तरगत दुई किसिमका कार्य गरिनेछ

- पानी श्रोत व्यवस्थापन : कुवा, इनार, धारा, संरक्षण पोखरी, रन अफ हार्वेस्टिगं ड्याम, साना आकारका सिंचाई कुलो (कृषि वन वाली विकासका लागि आवश्यक भएका)
- प्राकृतिक प्रकोप रोकथाम : Super Zone/Zone का तोकिएका क्षेत्रहरुमा यदि प्राकृतिक प्रकोपको संभावना रहेका/भएका भए सो को रोकथामका लागि सडक पाखो संरक्षण, जैविक तटवन्ध र भौतिक पूर्वाधारहरु बनाउने ।

### १.२.४ एकीकृत योजना तर्जुमा

कार्यक्रम सञ्चालन र निर्माणका लागि तोकिएका Super Zone, Zone जस्ता क्षेत्रहरुमा कृषि वन विकास कार्यक्रमको ( Agroforestry Development Management )दूरदृष्टि, लक्ष्य हासिल गर्नका लागि एकीकृत योजना तर्जुमा गरी सोही अनुसार योजनाबद्ध तरिकाले अगाडी बढाईनेछ ।

### १.२.५ भू उत्पादकत्व संरक्षण/खेत बारी संरक्षण

यस अर्न्तगत भिरालो अवस्थामा रहेका खेत बारी, नदी उकास जग्गाहरुको भू क्षय रोकथाम गरी भूमीको उत्पादकत्व वृद्धि गर्दै स्थानीय समुदायहरुको बहु उद्देश्यीय आवश्यकता पूर्ति गर्नमा टेवा पुर्‍याउनु मुख्य लक्ष्य रहने छ । यस अर्न्तगत खेतबारी संरक्षणका लागि अन्तरबालीहरुको रुपमा घाँस खेती, डालेघास रोपण, कोसे बाली रोपण, hedge row, fruit tree plantation, SALT Technology को प्रयोग लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ । नदी प्रणलीहरुको दाया बाया रहेका नदी उकास जग्गा व्यवस्थापनको लागि कृषि र वन प्रजातीका बिरुवाहरुको जैविक तटवन्ध गरी खेर गएको जमीनमा कृषि वन प्रणालीको विकास गर्दै खाद्य सुरक्षामा योगदान र जिवीकोपार्जनमा समेत टेवा पुर्‍उयाउन सकिने छ । यस अर्न्तगत निजी स्वामित्वमा रहेका वा सार्वजनिक जग्गा, गुठी जग्गा आदि समेत पर्नेछन् ।

### १.२.६ संरक्षण कार्यको व्यवस्थापन र रेखदेख

- चरिचरण नियन्त्रण
- छेकवार
- सहजकर्ता र हेरालु

### १.२.७ नर्सरी स्थापना/विरुवा खरिद

कृषि वन प्रणालीको विकासको दीर्घकालिन धारणामा आधारित रहि कृषि, वन, घाँस प्रजातिका विरुवाहरुको उत्पादन गर्न उच्च प्रविधियूक्त वा सामान्य स्तरका नर्सरी निर्माण/स्थापना गर्न सकिन्छ । यस प्रयोजनको लागि कार्यस्थल र नर्सरीको दूरी सकेसम्म मिलाउनु पर्नेछ । यदि विरुवा उत्पादन गर्न कठिनाई भएको अवस्थामा बजारबाट आर्थिक ऐन नियमको परिधि भित्र रहि खरिद समेत गर्न सकिनेछ । विरुवा उत्पादन/खरिद उद्देश्यमुलक हुनुपर्नेछ ।

- **१.२.८क्रियाकलाप अनुगमन/प्रतिवेदन** र अभिलेखीकरण

- पाश्वचित्र प्रकाशन (Activity Profile)
- सफल कार्यक्रमहरुको लेख रचना प्रकाशन
- अध्ययन अनुसन्धानमुलक प्रकाशन ।
- **साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना तथा बन तथा भ संरक्षण नन्त्रालयले समेत आवश्यकता अनुसार अनुगमन गर्नेछ ।**

- पकेट, व्लक, जोन र सुपरजोन क्षेत्रहरुमा संचालित क्रियाकलापहरुको प्रगति विवरण मासिक, चौमासिक तथा बार्षिक रुपमा सम्वन्धित क्षेत्रीय निर्देशनालय, बन तथा भ संरक्षढा मन्त्रालय तथा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको परियोजना व्यवस्थापन इकाइ कार्यालय समक्ष पेश गर्नेछ । प्रत्येक बार्षिक अवधिमा क्रियाकालपको समिक्षा गरिनेछ ।